प्यारा आमा बुवा वा अभिभावकहरु:

मोबाईल फोन, स्मार्ट फोन र फोटो लिइ तुरुन्तै बाँड्न सक्ने अरु इलेकट्रोनिक सामाग्रीहरुको जवनामा गोप्य र सुरक्षित परिक्षाको सामाग्रीहरु सजिलै सँग फैलिन सक्छ। फैलिएको परिक्षा प्रतिस्थापित गर्न गाह्रो हुने मात्रै होइन, यि परिक्षा सामाग्रीहरु पेन्सलभेनीया राज्यको कानुनले रक्षा गरेको सम्पत्ति हो। परिक्षा सामाग्रीहरुको प्रतिलिप बनाउँदा र फोटो लिँदा सांघिय कानुनको उल्लङ्घन गरेको हुन्छ। यो उल्लङ्घन गरेको खन्डमा सो व्यक्तिले परिक्षाको सामाग्री प्रतीस्थापित गर्न लाग्ने पैसा जरिमानाको रुपमा तिर्नु पर्ने हुन्छ वा ७५० डलर देखी ३०,००० डलर सम्माको जरिमाना तिर्नु पर्ने हुन्छ।

विश्वाशनिय परिक्षाको परिणाम सुनिश्चित गर्न र परिक्षा प्रतिस्थापित गर्न लाग्ने लागत जोगिन गर्न शिक्षा बिभागले बिद्यालयहरुलाई परिक्षाको सामाग्रीको रक्षा गर्न केही नियमहरु बनाएको छ र कदमहरु निर्धारित गरेको छ। परिक्षा दिने स्थानहरुमा इलेट्रोनिक सामाग्रीहरु राख्न अनुमती नदिने नियम सम्पूर्ण बिद्यालयहरुमा लागु गरिएको छ। मोबाईल फोन, स्मार्ट फोन, इ रिडर, नूक, किन्डल, आइ प्याड, टेब्लेट, र क्यामरा भएको यन्त्र, र फोटो लिने वा प्रतिलिपी बनाउने र पि एस् एस् ए वा किस्टोन परिक्षाको प्रशासन गर्दा अरु सँग कुराकानी गर्न मिल्ने इन्टेर्नेट भएको कुनै पनि यन्त्र सम्मिलित हुन्छ। पि एस् एस् ए वा किस्टोन परिक्षा प्रशासन गर्दा मोबाईल फोन र अरु इलेक्ट्रोनिक यन्त्र भएमा निश्चित परिणाम हुने छ भनेर आफ्नो बालकलाई बुझाउनु होला।

यदी कोही विद्यार्थीले मोबाईल फोन वा अरु इलेकट्रोणिक यन्त्र भएको पत्ता लगाएको खण्डमा तपाईंलाई बिद्यालयले संपर्क गर्ने छ। यो आदेश वेवास्ता गरेको खण्डमा बिद्यालयको अनुशासनात्मक नितीहरु लागु गरिन्छ र शिक्षा बिभागले विद्यार्थीको परिक्षाको परिक्षण गर्दैन र विद्यार्थीले पुन रुपमा परिक्षा लिन आवश्यक गरिन्छ। त्यस्का साथ-साथै बिद्यालयको स्टाफ सदस्यले इलेकट्रोनिक यन्त्र राख्ने छन् र सो यन्त्रमा भएको फोटोहरुको खोज गरिन्छ। बिद्यालयका स्टाफ सदस्यले इलेकट्रोनिक यन्त्रको अरु कार्यहरु खोज गर्न अनुमती मग्ने छन्। यदी पि एस् एस् ए वा किस्टोन परिक्षाको फोटो लिएको पत्ता लागेको खण्डमा वा इलेकट्रोनिक यन्त्रको अरु कार्य खोज गर्न अनुमती नदिएको खण्डमा सो यन्त्र बिद्यालयको सदस्यले राख्ने छन् किन भने पि एस् एस् ए र किस्टोन परिक्षाको प्रतिलिपी अधिकार पेन्सलभेनीया शिक्षा बिभाग सँग हुन्छ, र पेन्सलभेनीया शिक्षा बिभागलाई संपर्क गरिन्छ।

परिक्षा समाप्त भएपछी र परिक्षाको सामाग्री फिर्ता गरेपछी यदी विद्यार्थीले परिक्षा प्रशासन गरेको बेला मोबाईल फोन र अरु यन्त्रहरु चलाएको पत्ता लगाएको खण्डमा बिद्यालयको अनुशासनात्मक नितीको पालना गरिन्छ र विद्यार्थीको अंक अवैध गरिन्छ।/